कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)
वर्ष: २४ | अंक: २९२ | वि.सं. २०८१ | फागुन | १ | बिहिवार | नेपाल संवत्: ११४४, | फागुन कृष्ण प्रतिपदा | Thursday | 13 | February | 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### रारा हाइड्रोपावरका सञ्चालकको ठगी धन्दा

# लगानीकर्ता डुबे, उठिबासको संघारमा स्थानीय

**ओम शाही**
**सुर्खेत, ३० माघ ।**

स्थानीयलाई रोजगारीसँगै जलविद्युत् आयोजनाको मालिक बनाउने मीठो सपना देखाएर २०६७ सालमा दैलेखको डुङ्गेश्वर गाउँपालिकामा २.१५ मेगावाटको पराजुली खोला जलविद्यत् आयोजना निर्माण थालियो । स्थानीयस्तरमा रोजगारी, बिजुलीसँगै आयोजनामा स्थानीयलाई शेयर पनि दिने गरी डुङ्गेश्वर गाउँपालिका-४ स्थित पराजुली खोलामा रारा हाइड्रोपावर डेभलपमेन्ट नामक कम्पनीले काम अघि बढायो ।

उक्त आयोजनामा कर्णाली प्रदेश सरकारसँगै डुङ्गेश्वर गाउँपालिकाले अपनत्व ग्रहण गर्न लगानी गर्ने घोषणा गरेका थिए । सो आयोजनाका लागि प्रदेश सरकारले ५ करोड र डुङ्गेश्वर गाउँपालिकाले २५ लाख रुपैयाँबराबरको शेयर लगानी गर्ने घोषणा गरेका थिए । २३ चैत २०७८ मा बसेको कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकबाट प्रदेश सरकारको जनताको जलविद्युत् (सञ्चालन र व्यवस्थापन) कार्यविधि २०७५ बमोजिम अपर पराजुलीमा ५ करोड शेयर लगानी गर्ने निर्णय भएको थियो ।



तत्कालीन सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टद्वारा जारी प्रेस नोटमा प्रदेश सरकारले २.१५ मेगावाटको अपर पराजुली खोला जलविद्युत् आयोजनाको प्रवर्तक रारा हाइड्रोपावर कम्पनीले गरेको आग्रह बमोजिम विद्युत् उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएपछि शेयर कायम हुने गरी रकम सुनिश्चितताको प्रतिबद्धता जनाएको उल्लेख थियो ।

घरछेउमै आयोजना बन्न लागेपछि स्थानीयले पनि २५ हजारदेखि ५ लाखसम्म शेयरबापत लगानी गरेका थिए । स्थानीयको मात्रै होइन, सुर्खेत, दैलेख लगायत जिल्लाका अन्य लगानीकर्ताले करोडौँ रकम लगानी गरेका थिए । आयोजना कार्यान्वयन गर्दा चार किलोमिटर भन्दा बढीको नहर बनाउनुपर्ने थियो । सो नहर निर्माण गर्दा स्थानीय झण्डै ५० घरपरिवारले एक रुपैयाँ पनि नलिई आयोजना अगाडि बढाउन दिएका थिए ।

घरआँगनमै बन्न लागेको आयोजनाबाट लाभ पाइने आसले जग्गाको मुआब्जा पछि लिने भन्दै स्थानीयले खेतबारी निर्माण कम्पनीलाई सुम्पिएका थिए । तर, स्थानीयको त्यो आशा १४ वर्षपछि भने निराशामा बदलिन पुगेको छ । स्थानीय तथा प्रदेश सरकारले अपनत्व ग्रहण गरी प्राथमिकताका साथ अघि बढेको आयोजना निर्माणको जिम्मा लिएको रारा हाइड्रोका सञ्चालकहरूको बदनियतका कारण सरकार, स्थानीय तथा अन्य लगानीकर्ताको लगानी भने अन्ततः डुब्ने

बाँकी ३ पेजमा

## २१ जनाको सम्पत्ति लिलामी गर्दै एभरेस्ट बैंक

एभरेस्ट बैंकले लामो समयसम्म बैंकको कर्जा चुक्ता नगर्ने आयोजनाका २१ जना लगानीकर्ताको सम्पत्ति लिलामी गर्ने प्रक्रिया अघि बढाएको छ । काठमाडौं जिल्लाको नागार्जुन नगरपालिका-४ मा रहेको हाइड्रोले कर्जा लिँदा विभिन्न २१ जना जमानीमा बसेका छन् ।

बैंकले तोकेको समयमा कर्जा नतिरेका उनीहरूको नाममा रहेको धितो लिलामी गर्ने प्रक्रिया अघि बढाएको हो । लगानीको अगुवाइ गरेको एभरेस्ट बैंकले ३ माघमा सूचना प्रकाशित गरी लिलामीको प्रक्रिया अघि बढाईसकेको छ । बैंकले ३४ करोड साँवा र १० करोड ब्याज रकम सञ्चालकहरूले तिर्न आनाकानी गरेपछि आयोजनाको लिलामी प्रक्रिया थालिएको जनाएको छ ।

व्यक्तिगत तथा संस्थागत जमानीमा रारा हाइड्रोका साथै दैलेखको अवलपराजुलका नरसिंह मल्ल, दैलेखकै रामकुमारी मल्ल, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-३ की यात्राकुमारी नेपाली, पोखरा महानगरपालिका-१ का शङ्करलाल वैद्यको नाम बैंकले सार्वजनिक गरेको छ । त्यस्तै, भक्तपुरका सुनिल छुजु, काठमाडौं महानगरपालिका-४ का भीमेन्द्रबहादुर सिलवाल, सुर्खेतका मङ्गल विश्वकर्मा, भक्तपुरका बाबुकाजी साय श्रेष्ठ र सुर्खेतका शिवराज जैशी अधिकारीको नाम बैंकले ऋण नतिर्नेमा राखेको छ ।

काठमाडौं महानगरपालिका-३२ का

बाँकी ३ पेजमा

## मानसरोवर प्रतीकात्मक उद्यान अलपत्र

**युग संवाददाता**
**बाँके, ३० माघ ।**


लुम्बिनी प्रदेश सरकारले बाँकेको बैजनाथ गाउँपालिकामा निर्माण सुरु गरेको मानसरोवरको प्रतीकात्मक उद्यान अलपत्र परेको छ । विसं २०७६ फागुन ५ गते लुम्बिनी प्रदेशका तत्कालीन मुख्यमन्त्री शङ्कर पोखरेलले बैजनाथ-६ स्थित न्यू हरियाली सामुदायिक वन क्षेत्रमा मानसरोवरको प्रतीकात्मक उद्यान बनाउने योजनाको शिलान्यास गर्नुभएको थियो । शिलान्यास भएको पाँच वर्ष पुग्न लाग्दा पनि निर्माणले गति लिन सकेको छैन ।

करिब पाँच करोडभन्दा बढीको लागत लाग्ने अनुमान गरिएको उक्त योजनामा हालसम्म रु दुई करोडभन्दा बढी खर्च भइसकेको छ । अन्य सहायक संरचना निर्माण गरिए पनि मानसरोवर प्रतीकात्मक पार्क निर्माण हुन नसकेको स्थानीय नन्द विश्वकर्माले बताए । प्रदेश सरकारको बेवास्ताका कारण उक्त पार्क अलपत्र परेको उनको भनाई छ ।

पार्क निर्माणका लागि आर्थिक

बाँकी २ पेजमा

## पहिरोले हुम्लाको खच्चा सडक अवरुद्ध



**युग संवाददाता**
**हुम्ला, ३० माघ ।**

सुक्खा पहिरोका कारण जिल्लाको दक्षिण भेग सर्केगाड गाउँपालिका-१ अन्तर्गतको कर्णाली करिडोरको खच्चा सडक चार दिनदेखि अवरुद्ध भएको छ । सर्केगाड गाउँपालिका-१ तुम्चगाउँका रतन रावतका अनुसार गत आइतबार बिहानदेखि सुक्खा पहिरो खसेर अवरुद्ध भएको उक्त सडक अझै सञ्चालन भएको छैन ।

सडक अवरुद्ध भएपछि स्थानीय पैदल यात्रा गर्न बाध्य भएका छन् । त्यसैबीच, बालकुनास्थित अस्थायी प्रहरी पोष्टका प्रहरी हवल्दार राजबहादुर विष्टले पहिरो पन्छाएर बाटो खोल्ने अथक प्रयास भइरहेको टेलिफोनमा बताए ।

## रुकुम कांग्रेसले भन्यो संविधानले नचिन्ने जनयुद्ध नमनाउनु

**युग संवाददाता**
**रुकुम पश्चिम, ३० माघ ।**

नेपाली कांग्रेस रुकुम पश्चिमले संविधानले नचिन्ने जनयुद्ध दिवस नमाउन परिपत्र जारी गरेको छ । जिल्लास्थित स्थानीय तहमा निर्वाचित नगर, गाउँ र वडाध्यक्षहरुलाई परिपत्र गर्दै कांग्रेस रुकुम पश्चिमले सर्वोच्च न्यायिक निकाय र संविधानले नचिन्ने दिवस नमनाउँन परिपत्र जारी गरेको हो ।

नेपाली कांग्रेस रुकुम पश्चिम जिल्ला सभापती प्रेमप्रकाश ओलीद्वारा जारी परिपत्रमा जिल्लाका आठ वटै स्थानीय तहलाई जनयुद्ध दिवस नमनाउन रुलिङ्ग गरिएको छ । दिवस मनाउने निर्णयमा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिसमेत संलग्न भएपछि कांग्रेसले बैधता नदिन परिपत्र जारी गरेको हो ।

कांग्रेसबाट निर्वाचित बाँफिकोट गाउँपालिकाका अध्यक्ष जनककुमार बाँठामगरले २७ माघको कार्यपालिकाका बैठकबाट दिवस मनाउँने निर्णय गराएका थिए । रुकुम पश्चिमका स्थानीय तहले जनयुद्ध दिवस मनाउने भन्दै गरिएको निर्णय नेपालको संविधान र सर्वोच्च अदालतको मिति २९ भदौ २०७२, १३ पुस २०८० र १६ मंसिर २०८१ को संबैधानिक इजलासको आदेश विपरित रहेको नेपाली काँग्रेसको ठहर छ ।

उक्त निर्णयले नेपालको संविधान र कानुनको खिल्ली उडाएको कांग्रेसको दावी छ । 'हाम्रो पार्टी नेपालको संविधान र कानुनको परिपालक भएको हुँदा उक्त पालिकाको निर्णयका विरुद्ध हाम्रो पार्टी नेपाली काँग्रेसबाट निर्वाचित नगर, गाउँ र वडा अध्यक्ष ज्यूहरुलाई १ फागुनमा सार्वजानिक विदा नरहेको भनि सम्बन्धित वडा र पालिकाबाट सुचना प्रवाह गर्नुहुन र गराउन सबैलाई जानकारी गराईन्छ,' जिल्ला सभापति ओलीद्वारा जारी परिपत्रमा भनिएको छ ।

## जुम्लाको उर्थु चौतारा केन्द्रविन्दु भएर भूकम्प

**युग संवाददाता**
**जुम्ला, ३० माघ ।**

जुम्ला जिल्लाको उर्थु चौतारा केन्द्रविन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार आज बिहान ११ बजेर ५६ मिनेट जाँदा जुम्लाको उर्थु चौतारा आसपास केन्द्रविन्दु भएर तीन दशमलव आठ रेक्टरस्केलको भूकम्प गएको हो ।

यसअघि गत माघ २२ गते दैलेख जिल्लाको तोलीजैसी केन्द्रविन्दु भएर चार दशमलव चार रेक्टरस्केलको भूकम्प गएको थियो । नेपालमा पछिल्लो समय भूकम्प जाने क्रम जारी छ । नेपाल हिमालय क्षेत्र भएकाले भूकम्पको जोखिमको क्षेत्रका रूपमा लिने गरिन्छ ।

BHAWANI CHHAPAKHANA
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com
Book & Copy Production
4 Colour Design & Print
Wedding Card
Auto Stamp
Broucher Design & Print
Calender Design & Print
Screen Printing
Flex Print

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
Google Play
yugnews.com

## सम्पादकीय....

# प्रचार बटुल्ने अस्त्र नबनोस् उपमहानगर !

पश्चिम नेपालमै व्यवस्थित गुरुयोजनाका साथ बसाइएको सहर हो, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका । २०२९ सालमा स्वर्गीय राजा वीरेन्द्रले वीरेन्द्रनगरको सहरी मोडल कोर्न लगाएका थिए । राजा वीरेन्द्रले मन पराएको वीरेन्द्रनगर उपत्यकाको खाका २०२९ सालमा सहरी विकास विज्ञ माधवभक्त माथेमाले कोरेका थिए । तत्कालिन मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकामसमेत रहेको वीरेन्द्रनगरले त्यसयता राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्यका क्षेत्रमा निकै फड्को मारेको छ । कुनै बेला औलोको उच्च जोखिम रहेको वीरेन्द्रनगर पञ्चायतकालिन क्षेत्रीय सदरमुकाम हुँदै देशमा गणतन्त्र पश्चात कर्णाली प्रदेशको मुकाम पालिका बनेको छ । २०७२ सालमा जारी संविधानले राज्यको विद्यमान भौगोलिक, राजनीतिक एवं प्रशासनिक संरचनाहरू संघीयताको मोडेलमा पुनर्संरचना गऱ्यो । संविधानले परिकल्पना गरेको संघीयता अनुसार मुलुकभित्रको भौगोलिक सीमाङ्कन हेरफेर गरी राजनीतिक तथा प्रशासनिक संरचनाहरू पुनर्गठन भए । यससँगै ती निकायको अधिकार, स्रोत, साधन, जिम्मेवारी र जवाफदेहिताको विद्यमान अवस्थामा व्यापक हेरफेर गरियो । सोही बमोजिम नेपाल तीन तहका सरकारको अभ्यासमा प्रवेश गरेसँगै वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी बनेको थियो ।

व्यवस्थित सहरी योजना बनाई बस्ती बस्न सुरु भएको वीरेन्द्रनगर झण्डै ५२ वर्षपछि नगरपालिकाबाट उप-महानगर पालिका बन्ने चरणमा प्रवेश गरेको छ । २०३३ सालमा उपत्यका क्षेत्रभित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायत भित्र पर्ने केही भागलाई मिलाएर बनेको वीरेन्द्रनगरले ४८ बर्षपछि उपमहानगरपालिकाका लागि आवश्यक पर्ने सबै मापदण्ड पुरा गर्न सक्षम बनेको छ । नगरपालिकाको आन्तरिक स्रोत, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विजुली, सञ्चार लगायतका महत्वपूर्ण पूर्वाधारको विस्तार भएसँगै वीरेन्द्रनगरलाई उपमहानगरपालिका बनाउन आवश्यक प्रक्रिया थालिएको नगरपालिकाको दावी छ । नगरपालिकाको हिउँदे नगर सभाको १६ औं बैठकले उपमहानगरपालिका बनाउन मापदण्ड पूरा गरेको भन्दै प्रक्रिया अघि बढाउन सार्वजनिक महत्वको प्रस्ताव पारित गरेको छ । नगरपालिकाले अघि बढाएको उक्त प्रस्ताव संघीय मन्त्रीपरिषद् बैठकबाट परित हुनुपर्ने हुन्छ । वीरेन्द्रनगरलाई उपमहानगर पालिका बनाउने योजना आजको भने होइन । अघिल्लो कार्यकालको नेतृत्वले पनि उपमहानगर बनाउने प्रक्रिया अघि बढाएको थियो ।

वीरेन्द्रनगरलाई उपमहानगरपालिका घोषणाका लागि आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटमै समावेश गरिएको थियो । उतीबेला कतिपय मादण्डहरु पूरा नभएको भन्दै रोकिएको थियो । यस पटक पनि वीरेन्द्रनगरलाई उपमहानगर बनाउने गरी अघि सारिएको प्रस्ताव कार्यान्वयनमा भने निकै चुनौती देखिन्छ । यहाँको भुगोल अनुसार वीरेन्द्रनगर बजार क्षेत्रमा मात्रै मापदण्ड पुरा भएर हुँदैन । अझै पनि वीरेन्द्रनगरका चार वटा वडाहरु आधारभूत सेवाको पहुँचमा पुगेका छैनन् । यी क्षेत्रमा बाह्रैमास चल्ने सडकहरुको अभाव छ । खानेपानी, विजुली, सञ्चार जस्ता पूर्वाधारको सुनिश्चितता भइसकेको छैन । अर्को कुरा वीरेन्द्रनगर बजार क्षेत्रको फोहोर, फुटपाथ, पार्किङ्ग व्यवस्थापन लगायतका विषय अझै व्यवस्थित बन्न सकेका छैनन् । फोहोरलाई व्यवस्थित बिर्सिन गर्ने प्रयास भएपनि फोहोर संकलनको तौर तरिका मिलेको छैन । नगरपालिकाले मापदण्ड पुरा भए भनेर दावी गरिएका कतिपय विषय मिलेका छैनन् । यसलाई थप व्यवस्थित बनाएर लैजान आवश्यक छ । जे होस् ढिलै भएपनि वीरेन्द्रननगरलाई उपमहानगर बनाउन थालिएको प्रयासलाई सकारात्मकरुपमा लिन सकिन्छ । यद्यपी पूर्ण तयारी नगरी थालिएको काम हतारो हुनसक्छ । दिर्घकालिन महत्व राख्ने योजनालाई सफल बनाउन नगरपालिकाले व्यवस्थित योजनाका साथ अघि बढ्न जरुरी छ । यसतर्फ नगरपालिकाको ध्यान जाओस् । पटक-पटक अघि बढ्ने तर नबन्ने खाली राजनीतिक नेतृत्वलाई प्रचारबाजी गर्ने अस्त्र उपमहानगरको विषय नबनोस् ।

# नदीजन्य पदार्थ उत्खननमा सेटिङ



✍ पदमबहादुर श्रेष्ठ

नेपालमा ६ हजार नदीनाला छन् । हाम्रा नदीनाला राजस्वको हिसाबले हीरा खानी नै हो । तर, ती खानीहरू लुटिखाने प्रवृत्तिको सिकार भएको छ । कानुन हातमा लिने । नियामक निकायदेखि माफियाहरू सबै मिल्ने । अनि राज्यको सार्वजनिक सम्पत्ति नदीनालाको दोहन गर्दै ब्रह्मलुट मच्चाउने कामको देशैभरि सम्राज्य नै खडा छन् । प्रकृति बचाउनेहरूलाई दिलीपकुमार महतोको हालत बनाइदिने धम्की तस्करहरूबाट आउँछन् ।

तर, राज्यका निकाय नदीनाला संरक्षण गर्दै बालुवा, गिट्टी र ढुंगाको उत्खनन, ढुवानी र प्रयोगबाट राजस्वको संरक्षणभन्दा व्यक्तिगत गोलीमा कुम्ल्याउने प्रवृत्त बाढीको भेल जस्तो तीव्र गतिमा भइरहेको छ । यसले राज्य, जनता र प्रकृति सबैतिर जनधनको क्षति भइरहेको छ । अर्बौं राजस्व गुमेको छ । जथाभावी उत्खननले खोलानालाको प्रकृति स्वरूप नै बिथोलिएको छ ।

नदीको उत्खननको ठेक्का पालिकाहरूले लगाउँछ । उसैले ठेक्कादेखि नदीजन्य पदार्थको उत्खननको बन्दोबस्त मिलाउँछ । उसले नै पहिलो अनुगमनको अधिकार राख्छ । दोस्रो अनुगमनको अधिकार जिल्ला समन्वय समितिलाई छ । तर, पुलिसको आँखा अगाडि चोर चोरी गरेर जान्छ । प्रहरी हेरेकै हेरै जस्तै अवस्थामा नदी र नदीजन्य पदार्थको संरक्षण र प्रयोग गर्ने सरोकारवालाहरूको छ । जो रक्षा गर्ने हो उसैले तस्करहरूसँग नीतिगत रूपमै सेटिङ मिलाएर बस्छन् । अनि किन नहोस् नदी र नदीजन्य पदार्थको तस्करी ? यस्तै प्रवृतिले बर्सेनि नदीजन्य पदार्थबाट उठ्ने अर्बौं राज्यमा माफियाहरूको हालिमुहाली हुनेको छ ।

वास्तवमा अहिले उत्खननको अवस्था हेर्दा गहिराइको कुनै प्रभाव नगरी नदीको बहाव नै परिवर्तन हुने गरी उत्खनन भएको छ । यसरी संघीय सरकारले बनाएको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थाको धज्जी उडाइएको छ । थोरै पनि नीति र विधिको कार्यान्वयन भएको छैन । ठेक्का लगाउने पालिकाहरू, जिल्ला समन्वय समिति र अनुगमन गर्ने अन्य निकायसमेत मापदण्डविपरीत नदीदोहन हुँदा टुलुटुलु हेरेर बसेका छन् । गरे पनि त्यसको प्रभाव नै छैन । किन सरकारका निकायभन्दा तस्कर र ठेकेदार बोलवाला भयो ? प्रश्नको उत्तर दिइराख्नु परेन ।

गैरकानुनी उत्खननलाई उनीहरूले वैधता प्रदान गर्नु पनि अर्को अपराध हो । अवैध उत्खननको प्रभाव धेरै क्षेत्रमा परेको छ । प्रत्यक्ष रूपमा नदीको वहाव परिवर्तन भएको कारण हरेक वर्ष नदी कटान हुनुको साथै ठूलो, धनजनको क्षति हुँदै गएको छ । यसको जवाफदेही सम्बन्धितले निकायले लिनुपर्छ र व्यक्तिलाई क्षतिपूर्ति दिनुपर्ने आवाज अदालतसम्मै उठेको छ ।

ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को कार्यान्वयन गर्ने हो भने सबै समस्या समाधान हुन्छ । तर, सरोकारवालाहरू गर्न चाहदैन । जोखिम उठाउन पनि खोज्दैन । तस्कारहरूसँग बरु मिल्न सिपालु छन् । यो उनीहरूका लागि व्यक्तिगत, राजनीति लाभ र हानिसँग जोडिएको पनि छ । ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा १७ मा ठेक्का प्राप्त गरेको क्षेत्रमा उत्खननकर्ताले सूचना पाटी टाँसेर मात्र उत्खनन गर्नुपर्ने मापदण्ड छ ।

तर उत्खनन गर्दा आजसम्म कसैले पनि सूचना राख्दैन । किनभने जनताले थाहा पाएर प्रश्न गर्छन् । सूचना पाटी टाँस नगर्नुको कारण ठेक्का लिएको क्षेत्रफल वा उत्खनन गर्ने परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन गर्ने ध्याउन्नमा ठेकेदार हुन्छ । वैध रूपमा लिएका ठेकेदारहरू नदीजन्य पदार्थको उत्खनन गर्दा तोकिएको भन्दा फरक काम गरेर मालामाल हुन्छन् ।

ठेक्का सर्त र मापदण्ड लुकाएर पालिका र ठेकेदारहरूले अधिकार, कानुन र मापदण्डको दुरुपयोग गरिरहेका छन् । प्रदेशहरूले कार्यान्वयनमा ल्याएको ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५, कार्यान्वयन गर्न पनि तयार छैनन् । यसमा पनि सेटिङकै कुरो हो । उठेको राजस्वमा पालिका र प्रदेश सरकारको अधिकार हुन्छ । तर, यिनीहरू नै आफ्ना कार्यकर्ता लगाएर तस्कार र माफियाहरूलाई अवैध ढंगबाट खोला खन्न सघाउँछन् । यसले समाज र तस्करहरूबीच लामो सामान्यदेखि मनमुटाव हुँदै जनताको ज्यान पनि जाने गरेको छ ।

कानुनले ठेक्का प्राप्त गर्ने कम्पनीहरूलाई गैरकानुनी कार्य गरेमा दर्ता खारेज गर्ने, उत्खनन रोक्का गर्ने र पुनः ठेक्का नदिई कालोसूचीमा राखी नसिहत दिनु पर्ने प्रावधानहरू छन् । तर पालना छैन । अब अवैध काम गर्ने कम्पनीका सञ्चालकहरूलाई फौजदारी अपराधमा कारबाही गर्न छुट्टै कानुन हुनुपर्छ । तर, कानुन बनी नसकेकोले नदीजन्य पदार्थ माथि खुल्लारूपमै ब्रह्मलुट भइरहेको छ ।

नदीजन्य पदार्थको गैरकानुनी उत्खनन राज्य शक्तिको आडमा नै भएको छ । यसमा राजनीतिक दल र नेताहरूको सहभागिता छ । राज्य शक्तिको सञ्जालभित्र नपसी ठेक्का प्राप्त गर्न सकिँदैन । सामान्य जनताले गैरकानुनी उत्खननको विरोध गरे घर छाड्नुपर्नेसम्मको अवस्था हुने भएकोले उजुरीसम्म गर्न नसकी जनताहरू हेरेर बस्नु बाध्य भएका छन् ।

प्राकृतिक स्रोतलाई राज्यले सही रूपमा चिन्न नसक्नु नै ठूलो समस्या हो । राज्यले आर्थिक लाभ नै नलिएको नै त भन्न सकिँदैन तर लिनुपर्ने आर्थिक लाभ नलिई नगन्य रूपमा मात्र आर्थिक लाभ लिइएको छ । यसको मुख्य कारण अनुगमन गर्न नसक्नु र अवैध उत्खननलाई दण्डित गर्न नसक्नु नै हो । साथै राज्यशक्ति नै ठेक्कावालाको पञ्जामा पर्नु नै मुख्य आर्थिक लाभ लिन नसक्नुको अर्को कारण हो ।

अवैध दोहन रोक्नको लागि सबैभन्दा पहिला उत्खनन गर्ने अधिकार पाएको कम्पनीको सही अभिलेख, परिणामको अभिलेख, बिक्री वितरणको अभिलेख राखी नियमित अनुगमन गर्नुपर्छ । अनुमति प्राप्त गरेको परिणाम र मापदण्डमै उत्खन्न गर्न दिनुपर्छ । यसमा कडाइ गर्नुपर्छ । ठेक्कादेखि अनुगमन प्रणाली नै कसिलो बनाउनुपर्छ । यसका लागि नियामक निकास र सरकारकै इच्छा शक्तिको आवश्यक्ता छ । अर्कोतर्फ अनुमति प्राप्त नभएको अवैध उत्खननलाई कडा कारबाही गर्ने व्यवस्था हुनुपर्छ ।

अर्को नदीको दोहनले पर्यावरणमा पनि असर परेको छ । यसको संकट विकास बनिसक्यो । आज हेर्नुहोस् त नदीको वहाव परिवर्तन भई बाढी पहिरो गइरहेको छ । असोजको रोशीको बाढी यसैको उदाहरण त हो । अवैध उत्खननले नदी प्रणाली माथि प्रहार गरिरहेको छ । यसले नदीको पर्यटन र नदी पर्यावरणमा समेत असर परिरहेको छ । पर्यावरण र नदीको अधिकारलाई जोगाउन पनि सरकारले कानुनलाई पूर्णरूपमा कार्यान्वयन गर्नुपर्छ ।

उत्खनन कसरी दिगो गर्ने, उत्खननले नदी प्रणालीलाई असर नपारी कसरी निकाल्ने र राजस्वलाई कसरी चुवाहट बिना संकलन गर्ने तथा गैरकानुनी उत्खनन कसरी रोक्ने भन्ने विषय नै आजको चुनौती हो । यसमा सरोकारवालाहरूले सर्तक हुन जरुरी नै छ । अर्कोतर्फ सर्वोच्च अदालतले विभिन्न समयमा फैसलाहरू दिएका छन् । तीमध्ये मिति २०७७ चैत्र ९ गते फैसला भएको एक मुद्दामा भनिएको छ, स्वच्छ वातावरण कायम राख्नु, प्राकृतिक स्रोतहरूको संरक्षण गर्नु, सम्पदा, प्राकृतिक स्रोत उपर नागरिकको पेसा, व्यवसाय र रोजगारको हक रक्षा गर्नु । यसरी नै २०७९ चैत्र ७ गते फैसला भएको अर्को मुद्दामा ढुंगा, गिट्टी, बालुवा, आदिको निकासी गर्ने गराउने कार्य नगर्नू, नगराउनू ।

प्राकृतिक स्रोतहरू देशभित्रको पूर्वाधार निर्माणमा प्रयोग हुने व्यवस्था गर्न नीति, संरचना निर्माण गर्न गराउनु भनिएको छ । तर, फैसला कार्यान्वयन गर्नुपर्ने सरकार र सम्बधित निकायहरू मूकदर्शक भएर बसेका छन् जसको कारण मापदण्ड तथा कार्यविधि हुँदाहुँदै पनि आफ्नो अधिकार दुरुपयोग भएकोलाई समेत नजरअन्दाज नगर्नु आफैंमा हास्यस्पद विषय हो ।

*(श्रेष्ठ वरिष्ठ अधिवक्ता हुन् ।)*

## मानसरोवर...

वर्ष २०७६/७७ मा रु ६३ लाख ४४ हजार बजेट खर्च गरिएकामा आव २०७७/७८ मा रु ५० लाख, आव २०७८/७९ मा रु ४० लाख, आव २०७९/८० र आव २०८०/८१ मा रु १० लाख विनियोजन भएको पर्यटन कार्यालय कोहलपुर बाँकेका प्रमुख टङ्कनाथ खनालले जानकारी दिए । उनका अनुसार चालु आवमा ३० लाख बजेट विनियोजन भएको छ ।

उनका अनुसार यस वर्षको बजेटबाट मानसरोवरको प्रतीक बनाउन ठेक्का आह्वान गर्न लागिएको छ । आव २०७८/७९ सम्म वन मन्त्रालयअन्तर्गतको डिभिजन वन कार्यालयले बजेट खर्च गरेकामा त्यसपछिका वर्षदेखि पर्यटन डिभिजन कार्यालय कोहलपुरले उक्त योजनाको बजेट खर्च गर्दै आएको छ ।

विगतमा खर्च भएको बजेटबाट मानसरोवरको प्रतीक नबनाई पोखरी, पर्खाल र दलित सङ्ग्रहालय बनाउने उद्देश्यले एक भवन र केही प्रतीक्षालय निर्माण भएको छ । निर्माण गरिएका संरचना पनि कति भत्किन थालेका छन् भने भवनका झ्याल तोडफोड गरिएका छन् । पार्कको गेट खुलै हुँदा संरचनाको दुरूपयोग भइरहेको स्थानीय न्यू हरियाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामकुमार रानामगरले बताए ।

निर्माण भएका संरचनाका संरक्षणबारे प्रदेश सरकारले आफूहरूसँग कुनै सहकार्य नगरेको रानामगरको भनाई छ । सामुदायिक वनमा मानसरोवरको प्रतीक बन्न लागेकोमा उत्साहित भएका स्थानीयहरू योजना अलपत्र परेपछि निराश हुन थालेका उनले उल्लेख गरे ।

मानसरोवरको प्रतीकात्मक बोटानिकल गार्डेन पार्क नाम दिइएको उक्त योजनाको मुख्य संरचना तिब्बतमा रहेको कैलाश मानसरोवरको जस्तै प्रतीकात्मक पहाड निर्माण गर्ने रहेको नेपालगञ्जका पर्यटन व्यवसायी भाष्कर काफ्लेले बताए । भारतको मानसरोवर जानका लागि विभिन्न स्थानबाट यहाँ आउने पर्यटकहरूलाई उक्त पार्कसम्म आउने वातावरण बनाउने तथा मानसरोवर जान नसक्ने पर्यटकलाई केन्द्रित गरी पर्यटन प्रवर्द्धन गर्न सकिने उनले उल्लेख गरे ।

यस क्षेत्रको पर्यटनको भविष्य मानसरोवरका तीर्थयात्रीसँग जोडिएको भन्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण सुरु गरिएको उक्त पार्क अलपत्र पर्नु दुःखद् विषय भएको काफ्लेले बताए । यथाशीघ्र पार्क निर्माणमा सरोकार भएका निकाय, तीनै तहका सरकारले पहल गर्नुपर्नेमा उनले जोड दिए ।

## विश्व

# विगतको सहयोग बराबर युक्रेनले दुर्लभ खनिज दिनुपर्ने ट्रम्पको माग



**वासिंटन डिसी, ३० माघ ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना उपराष्ट्रपति जेडी भान्ससँग यस हप्ताको अन्त्यमा युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीसँग भेट्ने कार्यक्रम छ । त्यसअघि दिइएको एक अन्तर्वार्तामा ट्रम्पले युक्रेन 'कुनै दिन रुसी हुन पनि सक्ने' बताएका छन् । सोमबार फक्स न्युजमा प्रसारण भएको ट्रम्पको अन्तर्वार्तामा उनले यसो भनेका हुन् । 'उनीहरूले सम्झौता गर्न पनि सक्छन्, नगर्न पनि सक्छन् । उनीहरू (युक्रेनी) कुनै दिन रुसी हुन पनि सक्छन् वा नहुन पनि सक्छन्,' ट्रम्पले अन्तर्वार्ताका क्रममा भने ।

ट्रम्पले विगतमा अमेरिकाले किभलाई दिएको आर्थिक सहयोग दुर्लभ खनिजमाथि पहुँच दिएर चुक्ता गर्नुपर्ने पनि बताएका छन् । 'हामीले तिनलाई धेरै ठुलो सहयोग गरेका छौं । म भन्छु कि हामीलाई त्यो फिर्ता चाहिन्छ । यसबापत हामीलाई ५०० अर्ब डलर मूल्यको दुर्लभ खनिज चाहिन्छ । उनीहरूले यसमा सहमति जनाएका छन् । जसका कारण अब हामीले मूर्ख भएको महसुस गर्नुपर्नेछैन,' ट्रम्पले भने ।

उसो त ट्रम्पले युक्रेन युद्ध अन्त्य गराउन चाहेको बताए पनि त्यो कसरी गर्ने हो भन्ने विस्तृत प्रस्ताव प्रस्तुत गरेका छैनन् । जेलेन्स्की र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले एक-अर्कासँग प्रत्यक्ष वार्ता गर्न अस्वीकार गर्दै आएका छन् । हालका लागि दुई पक्षबिच सम्झौता हुन सक्ने कुनै आधार देखिँदैन । रुसले युक्रेनका पाँच क्षेत्र (सन् २०१४ मा क्रिमिया र त्यसपछि २०२२ मा डोनेट्स्क, खेरसन, लुगान्स्क र जापोरिझ्झिया) आफूमा गाभेको छ । यद्यपि, यी क्षेत्रमाथि उसको पूर्ण नियन्त्रण छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सामूहिक कार्यमा सबैको साथ मिल्नेछ । रिसाएका मित्रहरूलाई मनाउनमा सफलता मिल्नेछ । अतिथीको आगमनले मन हर्षित हुनेछ ।

**वृष** — कार्यक्षेत्रमा लगनशीलताले अड्केका कार्यहरू प्रारम्भ हुनेछन् । रुचिको काम नमिल्नाले मन अप्रसन्न रहला । प्रेम सम्बन्ध सुमधुर रहनेछ ।

**मिथुन** — भावनामा आएर व्यापार व्यवसायमा कुनै निर्णय नलिनुहोला । कानुनी मामिलाहरूमा पक्ष मजबुत रहनेछ । पुरानो कुरालाई लिएर परिवारमा मनमुटाव हुन

**कर्कट** — व्यापार व्यवसायमा हजुरले गरेको मेहनतको लाभ अरुले लिन सक्छन् । आत्मविश्वासको कमीले महत्त्वपूर्ण कार्यहरू सम्पादन हुनमा बाधा आउनेछ ।

**सिंह** — उद्योग व्यापारमा मनग्य लाभ मिल्नेछ । वैदेशिक रोजगारबाट लाभ मिल्नेछ । विद्यार्थीहरूको अध्ययन अध्यापनमा मन नलाग्ला ।

**कन्या** — नयाँ कार्य प्रारम्भ गर्दा जानकारको सल्लाह लिनुहोला । रोकिएको योजनामा पुनर्विचार गर्न सक्नुहुनेछ । यात्रा लाभदायी रहनेछ ।

**तुला** — साहित्य र कलाको क्षेत्रमा रुचि बढ्नेछ । व्यापार व्यवसायमा लाभ मिल्नेछ । प्रेम सम्बन्धमा प्रेमीको व्यवहारले शंका उब्जाउन सक्ला सोचविचार गरेर निर्णय लिनुहोला ।

**वृश्चिक** — कार्यक्षेत्रमा बौद्धिक क्षमताको प्रशंसा हुनेछ । सानो प्रयासले व्यक्तित्वमा निखार आउनेछ । अगाडि पाएको सफलताले कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ ।

**धनु** — मेहनतको परिणाम प्राप्त गर्न श्रम धेरै गर्नुपर्ला । आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ । कार्यक्षेत्रमा मिठो बोल्ने प्रयास गर्नुहोला नभए समस्या निम्त्याउन सक्नुहुनेछ ।

**मकर** — इष्टमित्रहरूसँग रमाइलो समय बित्नेछ । स्वास्थ्यलाई लिएर सचेत रहनुहोस् । यात्रा सुखद रहनेछ । धर्मकर्ममा रुचि बढ्नेछ । आर्थिक पक्ष सामान्य रहनेछ ।

**कुम्भ** — साहसिक कार्य गर्ने समय रहेको छ । कार्यक्षेत्रमा अधिकारी वर्गहरूको कुरालाई बेवास्था नगर्नुहोस् । पेट सम्बन्धी समस्याले सताउन सक्छ त्यसैले खानपानमा ध्यान दिनुहोला ।

**मीन** — सन्तानको प्रगतिलाई देखेर मन प्रसन्न रहनेछ । आर्थिक वा सामाजिक क्षेत्रमा प्रभाव बढ्नेछ । विद्यार्थीहरूको पढाइमा मन लाग्नेछ ।

# जनयुद्धको मर्म बिर्सेर सत्ताकै वरिपरी घुमेको माओवादी

रमेश रावल
सुर्खेत, ३० माघ ।

आज फागुन १ नेकपा माओवादी केन्द्रले जनयुद्ध दिवस मनाउँदै छ । कर्णाली प्रदेशमा विभिन्न कार्यक्रम गरेर माओवादीले जनयुद्ध दिवस मनाउन लागेको छ । माओवादीले जितेका स्थानीय तहका सरकारहरुले माओवादी जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा दिएका छन् । कालिकोटको रास्कोट नगरपालिकाले जनयुद्ध दिवस तथा प्रजातन्त्र दिवसका अवसरमा विविध कार्यक्रम गरेर मनाउन लागेको रास्कोट नगरपालिकाले जनाएको छ । माओवादीले जनयुद्ध दिवसका दिन सहिद परिवार सम्मान तथा अन्य विविध कार्यक्रम गरेर मनाउन लागेको माओवादी केन्द्रले जनाएको छ ।

माओवादी जनयुद्ध तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राज्य पक्षबिच २०५२ सालदेखि २०६३ सालसम्म चलेको थियो । राजतन्त्रलाई समाप्त र जनगणतन्त्र स्थापना गर्ने उद्देश्यका साथ यसको सुरुवात जनयुद्ध सुरुवात भएको थियो । ५ मंसिर २०६३ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि विधिवत्‌रुपमा १० वर्षे सशस्त्र युद्ध समाप्त भएको थियो । १० वर्षसम्म चलेको माओवादी जनयुद्धका क्रममा कर्णाली अछुतो रहन सकेन् ।

कर्णालीमा थुप्रै धनजनको क्षति भएको थियो । जनयुद्धका क्रममा सयौं जना मारिएका छन् । कयौं अङ्गभङ्ग हुनुका साथै कयौं जना वेपत्ता भएका छन् । माओवादी युद्ध समाप्त भएको झण्डै दुई दशक पुग्नै लाग्दा देशको आमुल परिवर्तन हुन नसकेको गुनासो नागरिकतहबाट उठ्दै आएको छ ।

**माओवादीले धरातल बिर्सिदा कमजोर भयो**

१ फागुन २०५२ मा माओवादीले जनयुद्धको घोषणा गऱ्यो । त्यस क्रममा '२०५२ साल फागुन १३ गते जाजरकोट जिल्लाको नलगाड-५ कैचुबाट तत्कालिन सुरक्षाकर्मीद्वारा ६४ जनालाई कब्जामा लियो । भोलीपल्ट १४ गते बिहान नलसिंगाड गेरेनी भीरमा ल्याएर तत्कालिन वडाध्यक्ष मानबहादुर रावल र मानबहादुर वलीलाई नदीमा धकेलेर फाले उहाँहरुको डुबेर मृत्यु भयो ।' (मायाप्रसाद शर्मा, माओवादी केन्द्र कर्णालीकोमुखपत्र समाजवादी यात्रा पृष्ठ ६३) यहीँबाट माओवादी जनयुद्ध चर्किँदै गएको थियो ।

कुनै समय कर्णालीमा प्रभुत्व जमाउँने माओवादी भने पछिल्लो समय सत्ता केन्द्रित हुँदा कमजोर हुँदै गएको विश्लेषकहरु बताउँछन् । जनयुद्धको जगमा सत्ताकै वरीपरी घुम्दा विस्तारै जनमत गुमाउँदै गएको कतिपयको बुझाई छ । नेपालको आधुनिक राजनीतिमा माओवादी आन्दोलनको इतिहास कसैले चाहेर मेटाउन नसक्ने उल्लेख गर्दै २०५२ सालमा सुरु भएको आन्दोलनले नेपाललाई विरता र स्वाभिमानसहितको देशका रुपमा विश्व समुदायमा परिचित गराएको तथ्य बिर्सन नहुने बताउँछन् मध्यपश्चिम विश्वविद्यालय समाजशास्त्रका उपप्राध्यापक कमलेश डिसी । 'अहिले नेपालले जुन राजनीतिक परिवर्तन प्राप्त गरेको छ, त्यसमा यही आन्दोलनको जगमा जोडिएको छ,' उनले भने, 'गणतन्त्र र संघीयतासहितको संविधान घोषणा, सीमान्तकृत, पीछडिएका, दलित, महिला, आदिवासीलगायतका वर्ग समुदायलाई राजनीतिको मूलधारमा ल्याउन समावेशिता कायम गर्न सफल भएको हो ।'

तर, माओवादीले आफ्नो धरातल, लक्ष्य र उद्देश्य अनुसार काम गर्नुभन्दा पनि सत्तामा बढी केन्द्रीत हुँदा सबै वर्गमा माओवादी आन्दोलन पुग्न नसकेको उपप्राध्यापक डिसीले बताए । 'कुनै अवसर दिँदा नेताको निकटस्थ र परिवारको सदस्य हुनुपर्ने अघोषित प्रावधान जस्तो बनाइएको छ । कार्यक्षमता र पार्टीप्रतिको लगनशिलतालाई आधार मानेर सहिद तथा घाइते र अन्य पक्षलाई भुल्दै गएको छ,' उनले भने, 'केवल गोजिभित्रकाले अवसर पाउने र अन्य आमनागरिक लगायतका अन्य वर्गले केही नपाउने परिस्थिती निर्माण भएको छ । यी मात्रै होइनन् स-साना कुरामा माओवादीले नीति र पद्धति बिर्सदा आन्दोलन कमजोर हुँदै गएको छ ।'


माओवादीले उठाएका एजेण्डा कार्यन्वयनमा माओवादी नेतृत्वले ध्यान नदिँदा अहिले माओवादी कमजोर हुँदै गएको उपप्राध्यापक डिसीको विश्लेषण छ । 'नेताहरुमा बढ्दै गएको आडम्बरी र नवसामन्ती संस्कार नियन्त्रण नहुँदा समस्या आएको हो,' उनले भने, 'यसलाई बदल्न नसके माओवादी अझैं कमजोर हुने संम्भावना रहन्छ ।' माओवादीले आधार भूत वर्ग भुल्दै जाँदा यसको असर अहिले सिमान्तकृत, दलित, आदीबासी, जनजाती लगायतका वर्गमा परिरहेको माओवादीका प्रदेशसभा सदस्य रणसिंह परियारले बताए । 'शान्ति सम्झौता एउटा सहमतिको दस्तावेज थियो । शान्ति सम्झौता गरेपछि विगतका जनयुद्धका केही आधारभूत बिषय छुट्न पुगेका छन्,' उनले भने, 'सामन्ती संस्कृति र सहरमा पुँजीवादी विकृतिबाट पार्टीलाई बचाउन नसक्दा केही समस्या आएका छन् ।'

**यस्तो छ कर्णालीमा माओवादीको उपस्थिति**

कर्णालीमा माओवादीको पोजिसन अहिले पनि देशका अन्य ठाउँभन्दा बलियो नै रहेको छ । कर्णालीबाट १२ वटा प्रतिनीधिसभामा निर्वाचन क्षेत्रमध्ये रुकुमपश्चिम, जाजरकोट, कालिकोट र हुम्लाबाट सांसद रहेका छन् । कर्णाली प्रदेशसभामा ४० प्रदेशसभा सदस्यमा १३ जना माओवादीका सदस्य रहेका छन् ।

त्यस्तै, स्थानीय तहमा पाँच नगरपालिका प्रमुख, १८ गाउँपालिका अध्यक्ष, ६ नगरपालिका उपप्रमुख, २१ गाउँपालिका उपाध्यक्ष, दुई सय २१ वडाध्यक्ष, दुई सय १५ महिला सदस्य, दुई सय २२ दलित महिला सदस्य, चार सय १५ वडासदस्य गरी कूल एक हजार एक सय २३ जना निर्वाचित भएका छन् ।




## घाइते र अपाङ्गता भएकाको अवस्था नाजुक

माओवादी युद्धले हुनेखाने र टाठाबाँठाहरु शक्तिको नजिकमा पुगेका छन् । तर, माओवादी जनयुद्धमा घाइते तथा शारिरिक अपाङ्गता बनेकाको अवस्था निकै दयनिय अवस्थामा छ । उनीहरुले औषधी उपचार तथा अन्य भरणपोषण पाउनसमेत अझै सकेका छैनन् । सरकारमा सूचीकरण भएका घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई सरकारले भरणपोषण तथा निःशुल्क औषधी उपचार गर्ने व्यवस्था गरेको भएपनि पहुँचमा नहुनेहरुको अवस्था दयनिय रहेको जनयुद्धमा घाइते भएका कालिकोट नरहरिनाथ गाउँपालिका-१ का खगेन्द्र विष्टले बताए ।

'म लगायतका केहीलाई औषधि उपचारका लागि फ्रि हुने गरेको छ,' उनले भने, 'सरकारी निकायमा सूचीकरण नभएका घाइते र अपाङ्गता भएका व्यक्तिको अवस्था नाजुक छ ।' उनले घाइते र अपाङ्गता भएका व्यक्तिहरु पार्टी राजनीतिकबाट बञ्चित गराइएको उनको गुनासो छ । 'घाइते अपाङ्गता भएका व्यक्तिलाई पार्टीमा उचित राजनीतिक अवसर दिइएको छैन्,' उनले भने, 'त्यसको लाभ पनि निश्चित टाठाबाँठा व्यक्तिले उपयोग गरिरहेका छन् ।'

# पाइलट बन्न छाडेर पर्यटन क्षेत्रमा जमेका 'सङ्घर्ष'

सिबी अधिकारी/रासस
काठमाडौँ, ३० माघ ।

सङ्घर्ष विष्ट तीस वर्ष अघि पाइलट बन्नका लागि पढाइ गर्न अमेरिका पुगे । पाइलट बनेर देशको सेवा गर्ने उहाँको सपना थियो । तर, परिस्थितिले उनलाई पाइलट बन्ने भन्दा पनि अन्य क्षेत्रमा लागेर देशको सेवागर्ने अवस्थामा ल्यायो । पाइलट बन्ने सपना थाती राखेर विष्ट नेपाल फर्किए ।

अभिभावक (बुबा-आमा) को चाहना अनुसार विष्टले पाइलटको सपना छाडेर नेपालमा पुर्ख्यौली पेसा (पर्यटन व्यवसाय) सम्हाले । उनी नेपालमा पर्यटन व्यवसायमा जमेका छन् । सङ्घर्ष सफल पर्यटन व्यवसायीको रुपमा चिनिए । सङ्घर्षको पाइलट बन्ने सपना अब उनकी जेठी छोरी अर्नग्या विष्टले पुरा गर्दै छन् । केही दिनअघि छोरीलाई पाइलट पढ्न अमेरिका बिदा गरेका विष्टले आफ्नो विगत सम्झिएर निकै भावुक बने । उनले भने, "आजभन्दा ३० वर्षअघि म अमेरिकामा पाइलट तालिम गरिरहेको थिए, बिदामा बुबाआमाको औधी याद आयो । लगत्तै नेपाल फर्किए । त्यही बिचमा आमाबुबाले भने, तँ, पाइलट पढेपछि कता-कता जालास् ! तिमी हामीलाई चाहिन्छौ । यो व्यवसायलाई सम्हाल्नुपर्छ, अभिभावकको चाहना अनुरुप विष्ट नेपाल फर्केर पर्यटन व्यवसायमा रमाए ।"

आफ्ना सन्तान चिकित्सक, पाइलट र इञ्जिनिर बनुन् भन्ने अभिभावकको पहिलो चाहना हुन्छ । यो पेसा मात्रै नभएर समाजको प्रतिष्ठा पनि बनिरहेको छ । तर, विष्ट परिवारले प्रतिष्ठाभन्दा पनि पुर्ख्यौली पेसालाई प्राथमिकता दिएर छोरालाई नेपालमै व्यवसायमा डोऱ्याउने निधो गरे । सङ्घर्षले अभिभावकको चाहनालाई नकार्न सकेनन । पेसा व्यवसायलाई निरन्तरता दिए । सङ्घर्षको सपना पाइलट बन्ने नै थियो । तर परिवार र देशप्रतिको मायाले उहाँ स्वदेश फर्किए ।

नामजस्तै सङघर्षको सङ्घर्षले व्यावसायिक सफलता प्राप्त गरेका छन् । रेष्टुरेण्ट एण्ड बार एशोसिएशन (रेबान) का केन्द्रीय अध्यक्ष समेत रहेका विष्टको होटल तथा रेष्टुरेण्ट व्यवसायमा नेतृत्व लोभलाग्दो छ । "सङ्घर्षपछिको सफलताले जीवनलाई आनन्दित तुल्याउछ", उनले भने, "आज म असाध्यै खुसी छु । किनकी नेपालमै बसेर केही भए पनि गर्नसकेको छु, मेरो ठूलो सपना छैन । यही देशमा केही गरु भन्ने हुटहुटी छ ।" सङ्घर्ष स्वदेश फर्किनुमा एउटा गज्जबको संयोग छ । उनको परिवार कोटेश्वरमा बस्छ । परिवारका पाँच सन्तान (चार छोरा र एक छोरी) मध्ये सङ्घर्ष साइलो छोरा हुन । "म अमेरिका उडेपछि बुबाआमाले सधैँ चित्त दुःखाएर कोटेश्वरमाथि उड्ने विमानलाई सोध्नुहुन्थ्यो रे 'तैले मेरो छोरालाई अमेरिका लगिस कहिले फिर्तागर्छस्", उनले भने-"त्यतिमात्रै हैन, दक्षिणकाली मातालाई प्रार्थना गरेर मेरो छोरो चाँडो फिर्ता गरिदिनुस् । फर्केपछि कालो बोको चढाउँछु भनेर भाकल गर्नुभएको रहेछ ।" पछि नेपाल फर्केर दक्षिणकालीमा भाकल पूरा गरेको विष्टले स्मरण गरे ।

"बुबाआमाको चाहना अनुसार पाइलट बन्ने सपना छाडेर यहाँ बसे । मेरो जीवनमा बन्ने इच्छा र सपना नै पाइलट थियो", विष्टले भने, "मेरो सपना ब्रेकफास्ट नेपालमा, लन्च युरोपमा र डिनर अमेरिकामा गर्ने थियो । तर, बुबाआमाको सपनालाई पहिलो प्राथमिकता थिएर मेरो इच्छालाई त्यत्तिकै थाती राखे ।"

सपना रोकिएकामा केही समय विष्टमा छटपट्टी हुन्थ्यो । सन् २००३ मा बिबाह गरेको एक महिनामा उहाँ बुबाआमालाई युरोप घुम्न जान्छु भनेर अमेरिका पुगे । यसबारे उनले श्रीमतीलाई मात्रै जानकारी दिए । विष्टले अमेरिकामा प्याराग्लाइडिङको तालिम लिए । करिब नौ महिनाको तालिम सकेर उनी पहिलो प्याराग्लाइडिङको पहिलो लाइसेन्स होल्डर पनि बने । उनी अघि नारायण पराजुली र राजेश बम्जनले प्याराग्लाईडिङ्को तालिम लिएका थिए तर, लाइसेन्स भने लिएका थिएन ।

विष्टले भने, "केही हदसम्म मेरो पाइलट बन्ने सपना चाहिँ प्याराग्लाइडिङमा रमाएर सीमित राखे । तर, म गौरब गर्छु किन की नेपाल संसारकै सुन्दर देश हो । जातजाती, भाषाभाषी, सगरमाथा र बुद्धजन्भूमिमा बसेर थोरै भएपनि आत्मनिर्भर भएर पर्यटन व्यवसायलाई चलायमान बनाउन पाउँदा ज्यादै खुशी छु र नेपालमा बस्न पाएकोमा गौरब पनि गर्छु ।"

आफूलाई खुशी राख्न विष्टले निरन्तर मेहेनत र समाजसेवालाई निरन्तरता दिएका छन् । उनी दैनिक १२ देखि १४ घण्टा श्रम गर्छन । विष्टको अनुभवमा जीवनमा प्राप्ति मात्रै हैन त्याग र समर्पणको आनन्द पनि बेल्लै छ । "आफ्नै देशमा बसेर केही युवालाई छोटो समय काम सिकाएर सक्षम व्यावसायिक वातावरण बनाउने र नेपालको अर्थतन्त्रलाई टेवा पुऱ्याउन केही हदसम्म योगदान पुगेको छ । यसैबाट मलाई आनन्छ आउँछ", उनले भने ।

विष्टको सफलतामा जीवनसाथी विश्व कीर्तिमानी नेपाली प्रतिष्ठा अमात्य (विष्ट) को दरिलो साथ छ । प्रतिष्ठा अमात्य सन् २००४ मा स्मरण शक्तिमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउने पहिलो नेपाली हुन । गीत गायन र रचनामा पनि पोख्त उहाँका विभिन्न एल्वम सार्वजनिक भएका छन् । अहिले उनले पर्यटन क्षेत्रमा सघाइरहेका छन् । सफल व्यवसायी विष्ट व्यवसायका अतिरिक्त खेलकुद र समाजसेवाको क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् । विद्यालय तह देखिनै धावक रहेका विष्ट मार्सल आर्टमा ब्लाकबेल्ट हुन । साइक्लिङ सङ्घको पूर्वअध्यक्ष उनले प्याराग्लाइडिङ र स्वीमिङमा पनि विभिन्न रेकर्ड कायम गरेका छन् ।

## २१ जनाको...

विष्णु बस्नेत, सुर्खेतका झकबहादुर मल्ल, बाँकेको नेपालगञ्ज-५ का राजेशनारायण श्रेष्ठ, बुटवल नगरपालिका-६ का मानबहादुर विश्वकर्मा, सुर्खेतका गोपालप्रसाद पौड्याल, गुल्मीका रत्नबहादुर थापा, बाँकेका अशोककुमार रोकाया, बाँकेकै मनकामना ग्यास उद्योग, काठमाडौं सितापाइलाका प्रतीक वैद्य र ललितपुर उपमहानगरपालिका-३ कानरेशबहादुर श्रेष्ठको नाम बैंकले सार्वजनिक गरेको छ ।

बैंकले रारा हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको नाममा मालपोत कार्यालय दैलेखमा दर्ता स्नेस्ता कायम भएको तत्कालिन अवलपराजुल गाविस वडा नं. ४ र ५ स्थित कित्ता नं. २९४, २९२, २९८, २८९, ३०२, २७३, २६१, २६४, २७५, २५९, २७०, २६६, ८०५, ७९७, ७९९, ८०२, ८०७, ४२७, ४२९, ७९२ र ७९५ को जम्मा क्षेत्रफल ११ हजार ४५ वर्ग मिटर जग्गा लिलामी गर्न लागेको छ । त्यस्तै, साविक पिलाडी गाविस-६ स्थित कित्ता नं. १९१ को क्षेत्रफल १ हजार ७० वर्गमिटरको जग्गा तथा उक्त जग्गामा हाल निर्माणाधीन विद्युत गृह, पावर हाउस, विद्युत् उत्पादन तथा विस्तारका लागि ऋणी कम्पनीका तर्फबाट तयार गरिएको सम्पूर्ण विद्युतीय सञ्जाल तथा उक्त विद्युत गृहमा जडित विभिन्न यन्त्र, उपकरण, मेसिनरिज तथा अन्य घर, भवन, कार्यालय, पर्खाल तथा अन्य निर्माण कार्यहरूसमेत लिलामीमा परेका छन् ।

कम्पनीका अध्यक्ष नरसिंह मल्लका नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता स्नेस्ता कायम भएको सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७ स्थित कित्ता नं. ७८० को जग्गा तथा उक्त जग्गामा रहेको घरभवन टहरासमेत बैंकले लिलामीमा हालेको छ । त्यस्तै, मल्लकी श्रीमती राजकुमारी मल्लका नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता स्नेस्ता कायम भएको वीरेन्द्रनगर-८ स्थित कित्ता नं. ३२२, ३४६१ र ३४६३ को जग्गा तथा उक्त जग्गाहरूमा निर्माण भएका घर भवन टहरासमेत बैंकले आफ्नो नाममा खिच्न लागेको छ ।

कम्पनीका अर्का सञ्चालक मङ्गल विश्वकर्माकी श्रीमती यात्राकुमारी नेपालीका नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता स्नेस्ता कायम साविक गुमी गाविस-५ ख स्थित कित्ता नं. १२५ को जग्गा तथा उक्त जग्गामा निर्माण भएका घरभवन टहरा पनि लिलाममा परेका छन् । मालपोत कार्यालय दैलेखमा रारा हाइड्रोपावर डेभलपमेन्ट कम्पनीका नाममा दर्ता स्नेस्ता कायम भएको दैलेखको साविक पिलाडी गाविस-६ स्थित कित्ता नं. १९३, साविक अवलपराजुल गाविस-५ स्थित कित्ता नं. ८५७, ८५९, ८६१, ८६३ र ४२८, साविक पिडाली गाविस-६ स्थित कित्ता नं. २९० को जग्गा तथा उक्त जग्गाहरूमा हाल निर्माणाधीन विद्युत गृह, पावर हाउस, विद्युत् उत्पादन तथा विस्तारका लागि ऋणी कम्पनीका तर्फबाट तयार गरिएको गरिने सम्पूर्ण विद्युतीय सञ्जाल तथा उक्त विद्युत्‌गृहमा जडित विभिन्न यन्त्र, उपकरण, मेसिनरिज तथा अन्य घर, भवन, कार्यालय, पर्खाल तथा अन्य निर्माण कार्यहरूसमेतएभरेस्टबैंकलेलिलामीगर्न लागेको छ ।

**Birendranagar Municipality**
**Office Of The Municipal Executive**
**Birndranagar, Surkhet**
**Karnali province, Nepal**

**Invitation For Bids**

**(First Date of publication: - 2081.11.01 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet,** Phone No: 9858063111 & PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| NCB/BM/W/081/082/55 | Cheda Darnakot Road Drain Construction Work, Birendranagar-14, Surkhet | NRs. 3000/- | NRs. 4,830,940.17 | NRs. 124,000.00 |

**Chief Administrative Officer**

# भूमि बैङ्कमार्फत किसानलाई प्रोत्साहन गर्दै स्थानीय सरकार

**◣युग संवाददाता**
**दाङ, ३० माघ ।**

तुलसीपुर उपमहानगरपालिका-१५ का मदन चौधरीले व्यावसायिक रूपमा तरकारी खेती गर्दै आएका छन् । पालिकाबाट किसान परिचयपत्र पाएपछि उनलाई आफूले उत्पादन गरेको तरकारी बिक्रीमा कुनै समस्या छैन । सोही परिचयपत्र र तरकारी लिएर हरेक बिहान तुलसीपुर बजारमा तरकारी बिक्री गर्न जान्छन् ।

विगतदेखि किसान सूचीकरणका लागि माग हुँदै आएकामा तीनवटै तहका सरकारबाट काम सुरु हुनु किसानका लागि सकारात्मक कार्य भएकामा उनी खुशी छन् । किसान सूचीकरण गरी परिचयपत्र वितरण गर्दा पालिकामा आउने अनुदानको सही प्रयोग हुने र सबै किसानले पाउने आशा जागेको उनको भनाई छ ।

तुलसीपुर उपमहानगरपालिका-१५ का स्यानी थरुनीले १७ कठ्ठा जमिनमा तरकारी खेती गरेका छन् । किसान सूचीकरण भएसँगै उनले किसान परिचयपत्र लिएका छन् । सोही परिचयपत्रबाट तरकारीका बिउ, मल र कृषि यन्त्र पाएको उनले बताए । सात जनाको उनको परिवारको खर्च तरकारी खेतीबाटै चलेको छ । पालिकाबाट किटनासक औषधी र अन्य सेवा सुविधाका पाएको उनको भनाइ छ ।

दाङका स्थानीय तहमा किसानमुखी कार्यक्रम सञ्चालनमा आएका छन् । तुलसीपुर उपमहानगरपालिकाले किसान सूचीकरण सुरु गर्न थालेको छ । पालिकाले प्रारम्भिक चरणमा एक हजार घरधुरीबाट किसान सूचीकरण सुरु गर्न थालेको हो । कृषि शाखाका प्रमुख धनराज गौतमले किसान सूचीकरणबाट मात्रै किसान र गैरकिसानका बारेमा जानकारी हुने बताए ।

उपमहानगरपालिकाभित्र ४६ हजार घरधुरी रहेका छन् । सङ्घीय सरकारले किसान सूचीकरणको काम सुरु गरेअनुसार उपमहानगरपालिकाले सुरु गरेको हो । वास्तविक किसानको यकिन तथ्याङ्क नहुँदा सरकारले दिँदै आएको अनुदानमा समस्या देखिएपछि तथ्याङ्क लिन सुरु भएको कृषि शाखाका प्रमुख गौतमले बताए ।

उनले वास्तविक किसानको तथ्याङ्क आएपछि राज्यले दिने अनुदानको सही सदुपयोग हुने र गैरकिसानले लाभ लिन नसक्ने बताए । शाखा प्रमुख गौतमका अनुसार सूचीकरणमा किसानले उत्पादन गरेका अन्नबाली, फलफूल तरकारी, दुग्धजन्य वस्तु र मासुको विवरण समावेश गरिने भएको छ । सूचीकरणपछि किसानलाई 'क्यूआर कोड'सहित परिचयपत्र दिइएको छ । हालसम्म ७० जना किसानले किसान परिचयपत्र लिइसकेको उनले बताए ।

तुलसीपुर उपमहानगरपालिकाले किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बजार क्षेत्रमा बिक्री वितरणका लागि किसान परिचयपत्र वितरण गरेको छ । किसानले उत्पादन गरेका वस्तु बजार क्षेत्रमा बिहान ५ देखि ८ बजेसम्म परिचयपत्र राखेर बिक्री गर्ने गरेको कृषि शाखाका प्रमुख धनराज गौतमले जानकारी दिए ।

# लगानीकर्ता...

चरणमा प्रवेश गरेको छ ।

रारा हाइड्रोपावर कम्पनीका अध्यक्ष नरसिंह मल्ल, शङ्करलाल वैद्य र मङ्गल विश्वकर्मालगायतका व्यक्तिको असक्षमताका कारण उनीहरू आफू मात्रै डुबेका छैनन्, सिङ्गो आयोजनाको भाग्य र भविष्य अन्योलमा परेको छ भने स्थानीयलाई घर न घाटको हुने स्थिति सिर्जना भएको छ । स्थानीय जग्गाधनी र मजदुरलाई शेयरको मालिक बनाउने भन्दै मोटो रकम असुलेको कम्पनीका सञ्चालक सम्पर्कविहिन भएपछि स्थानीयको आशा निराशामा परिणत भएको छ ।

कम्पनीका सञ्चालकहरूको बदनियतका कारण ५० जना स्थानीयको सर्वस्व मात्रै गुमेको छैन, बैंकबाट लिएको ऋण चुक्ता नगर्दा सिङ्गो आयोजना नै ध्वस्त हुने चरणमा पुगेको छ । आयोजना निर्माणमा संलग्न मजदुर तथा निर्माण व्यवसायीसमेत ठगिएका छन् । कम्पनीले बैंकको कर्जा भुक्तानी नगरेपछि तीन वटा बैंकले सिङ्गो आयोजनालाई लिलामी प्रक्रियामा प्रवेश गराएका छन् । कम्पनीले एभरेस्ट बैंकको अगुवाईमा सिद्धार्थ र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकबाट सहवित्तीयकरण कर्जा उपभोग गरेको थियो । तर, सञ्चालकहरू लिएको कर्जाको साँवा, ब्याज आदि भुक्तानी नगरी सम्पर्कविहीन भएपछि बैंकले लिलामी प्रक्रिया अघि बढाएको हो ।

बैंकले लिलामी प्रक्रिया थालेसँगै आयोजनास्थलमा बनेका सम्पूर्ण संरचनाहरूको भविष्य अन्योलमा परेको छ । ३२ करोड लागत रहने भनिए पनि ४२ करोड खर्च हुँदासमेत आयोजनाले पूर्णता नपाई अलपत्र परेको छ । स्थानीयस्तरमा बन्न लागेको आयोजनामा कम्पनीका सञ्चालकहरूको बदमासीका कारण स्थानीयको लगानीसँगै घरखेत गुम्ने अवस्था आएको बताउँछन् डुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष सुन्दरकुमार केसी ।

बैंकले स्थानीयको जग्गासँगै बनेका सम्पूर्ण संरचना लिलामीमा हालेपछि स्थानीयको भविष्य के हुने भन्नेमा चिन्ता थपिएको केसीले बताए । यति मात्रै होइन, गाउँपालिकाले शेयरबापत लगानी गरेको २५ लाखसमेत डुब्ने अवस्थामा पुगेको उनको भनाई छ । यसअघिका पालिका अध्यक्ष नगेन्द्र मल्लका पालामा आयोजनामा २५ लाख लगानी गरिएको बताईए पनि प्रमाणित कागजात नहुँदा थप समस्या भइरहेको उनको भनाई छ । आयोजनाका सञ्चालकहरूको बदमासीबाट ठूलो संख्यामा स्थानीयको उठिबास लाग्ने स्थिति बनेको उल्लेख गर्दै अध्यक्ष केसीले संरचना बनेकै कारण स्थानीयको जग्गा लिलामी गर्न नहुने बताए ।

आयोजनाका भौतिक संरचना निर्माण क्षेत्रका केही नागरिकले थोरै रकम प्राप्त गरेको भए पनि अधिकांश नागरिकले झण्डै १३ वर्षयता जग्गाको उपभोग गर्न नपाएको डुङ्गेश्वर गाउँपालिका-४ का वडाध्यक्ष नगेन्द्र बुढा बताउँछन् । उनका अनुसार स्थानीयहरूले आयोजनामा २५ हजारदेखि ५ लाखसम्म शेयर लगानी गरेका छन् । सीमित व्यक्तिको स्वार्थले सिङ्गो आयोजनाको भविष्य नै अन्योल हुनु दुःखद रहेको उल्लेख गर्दै वडाध्यक्ष बुढाले कुनै पनि बहानामा स्थानीयलाई पीडित बनाउन र आयोजनालाई अन्योलमा पार्न नहुने बताए ।

यता आयोजनामा झण्डै ९० लाख रुपैयाँ शेयर लगानी गरेका भक्तपुरका बाबुकाजी श्रेष्ठ तनावमा छन् । जायजेथा बेचेर रारा हाइड्रोमा शेयर लगानी गरेका श्रेष्ठ सञ्चालकहरूको बदमासीका कारण आफ्नो लगानी डुब्ने चिन्तामा छन् । कम्पनीका अध्यक्षलगायत व्यक्तिका कारण आफ्नो बदनाम भएको बताउँदै उनले अब कसरी अघि बढ्ने भन्ने विषयमा अन्यौल रहेको बताए । डुङ्गेश्वर गाउँपालिका-४ की धर्मेकुमारी बुढाले उक्त कम्पनीमा शेयरबापत ५ लाख लगानी गरेको बताउँछिन् । त्यति मात्र होइन उनले आयोजना निर्माणमा संलग्न मजदुर, आयोजनाका कर्मचारीलगायतलाई दैनिक उपभोग्य सामग्री दिए बापत झण्डै २० लाख रुपैयाँ फसाएकी छन् ।

आयोजना मात्रै होइन, स्थानीयहरूको जग्गासमेत बैंकले लिलाम गर्न खोजेपछि बुढाको निदहराम भइरहेको छ । यता, सञ्चालक मध्येका शङ्करलाल वैद्यले बैंकको ऋणकै कारण स्थानीयलाई समस्यामा पर्न नदिने दाबी गर्छन् । सञ्चालक समिति र लगानीकर्ताहरू छलफलमा रहेको उल्लेख गर्दै आफूहरू डुबे पनि आयोजना र स्थानीयलाई कुनै पनि समस्यामा पर्न नदिने वैद्यको दाबी छ । यद्यपि उनले दाबी गरेअनुसार समस्या समाधानको स्पष्ट खाकाका बारेमा भने वैद्यले प्रस्टयाउन सकेनन् । सञ्चालकहरूले आयोजनाका लागि खरिद गरेको जग्गामा समेत घोटला गरेका छन् । कम्पनीका सञ्चालकले स्थानीयबाट ९ लाख ५० हजार रुपैयाँमा खरिद गरेको जग्गा कम्पनीलाई भने ६० लाखमा बिक्री गरेको समेत आरोप छ ।

# ३६ गाउँबस्ती सडक सञ्जालमा जोडिए

**◣युग संवाददाता**
**जुम्ला, ३० माघ ।**

तातोपानी गाउँपालिकाका सबै वडाका ३६ गाउँबस्ती सडक सञ्जालबाट जोडिएका छन् सङ्घ, प्रदेश र गाउँपालिकाको बजेटबाट थलाले गाउँसम्म सडक निर्माण सम्पन्न भएपछि मङ्गलबार गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले त्यसको उद्घाटन गरेका हुन ।

उनले स्थानीयको मागअनुसार तीन वर्षको प्रयासपछि गाउँसम्म सडक पुगेको हो । सडकबाट थलालेका ४० घरपरिवार लाभान्वित भएका छन् । सडक निर्माणपछि जीप, ट्र्याक्टर र मोटरसाइकल सञ्चालन भएका छन् । पालिका अध्यक्ष चौलागाईंका अनुसार जानकारी दिए । सडक स्तरोन्नति गरी बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न गाउँपालिकाले प्राथमिकता दिएको छ ।

नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन तथा वडा नं ७ पातरसाँघुबाट थलालेसम्मको चार दशमलव १७ किलोमिटर सडक निर्माणमा रु एक करोड २० लाख बजेट खर्च भएको छ । उपभोक्ता समितिका अध्यक्ष खेमबहादुर शाहीले सडक निर्माणपछि दुई घण्टाको यात्रा अब २० मिनेटमा पूरा हुने बताए । आफ्नै घरआँगनमा सडक पुगेपछि स्थानीयले मङ्गलबार नाचगान गरेर खुसीयाली मनाएका थिए ।

कर्णाली प्रदेश सरकार

## खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय

कालिकोट

## आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**प्रकाशित मिति : २०८१/११/०१**

यस कार्यालयबाट मिति २०८१/१०/०७ गते प्रभाब दैनिक पत्रिकामा पुन प्रकाशित तपशिलमा उल्लेखित ठेक्का नं. र कार्यविवरण सँग सम्वन्धित निर्माण कार्यको लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरु योग्यताका सम्पूर्ण आधारहरुमा सफल भई सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम (५) बमोजिम आर्थिक प्रस्ताव मिति २०८१/११/०८ गते १२:०० बजे खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठे.नं. तथा कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | 08/NCB/RTP/Works/ WIEDO-Kalikot/2081-082 “Construction of Plain sedimentation Tank, Slow sand filter, RVT and other Treatment Related structure at Raskot Brihat WSTP, Raskot Na.Pa Kalikot | 1. Ds Nirman sewa, Kavre<br>2. BNS-KNS JV, Jumla<br>3. Babita-Ibhana-Shirisha JV, Surkeht<br>4. Tamakoshi-Diamond JV, Kalikot<br>5. Prathama-D&D JV, Kalikot<br>6. B.K.Ju-P.N c&c-Global JV, Mugu<br>7. N.K. Thapa Construction, Kathmandu | |

कार्यालय प्रमुख

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री धन बहादुर खत्री धनी रहेको, दर्ता नम्बर ७३४२/०७७/०७८ बाट वी.न.नपा-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री डि.के बाख्रा फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रू. ८,००,०००/-**

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान www.yugnews.com निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेलः yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन् ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।